कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको प्रकाशन
वर्ष २, अङ्क ५, २०७१ मंसिर Vol 2, Issue 5, November 2014

# गोदावरी घोषणापत्र जारी गर्दै व्यवस्थापन गोष्ठी सम्पन्न




व्यवस्थापन गोष्ठीमा सहभागी माननीय अर्थमन्त्री डा. रामशरण महत लगायत अन्य विशिष्ट व्यक्तिहरू

काठमाडौं । आन्तरिक राजस्व विभाग अन्तर्गतका मुलुकभरका प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरूका लागि कात्तिक ३ र ४ गते गोदावरीमा सञ्चालन गरिएको व्यवस्थापन गोष्ठी '**१७ बुँदे गोदावरी घोषणापत्र**' जारी गर्दै सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले विकासका चाहनाहरू बढी रहेका बेला सामाजिक न्यायका कार्यक्रमहरू राज्यले सञ्चालन गर्नुपर्ने र त्यो जिम्मेवारी अर्थ मन्त्रालयको भएकाले विभागको काँधमा राजस्व उठाउने ठूलो जिम्मेवारी रहेको बताउनुभयो। देशमा लगानीको लागि वातावरण बन्नुपर्ने तथा करदाताले पाउनुपर्ने सम्मान राजस्व प्रशासनले दिनुपर्ने र लगानीको वातावरण बढेपछि मात्रै रोजगारी बढ्ने तथा कर पनि बढ्ने उहाँको भनाई थियो। उहाँले पछिल्लो समय सूचना प्रविधिको उपयोगले कर प्रशासनमा सुधार आएको बताउनुभयो। सूचना प्रविधिको उपयोगलाई अझ बढावा दिन नयाँ प्रविधिको प्रयोग गर्न डा. महतले निर्देशन समेत प्रदान गर्नुभयो।

नेपालको कर प्रणाली पनि अन्तर्राष्ट्रिय प्रणाली अनुसार हुनुपर्ने बताउनुहुँदै यसलाई थप आधुनिकीकरण गर्न यसलाई नयाँ किसिमले अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो। कर प्रशासनमा नक्कली भ्याट बिलिङ हुनुका साथै धेरै लिकेजहरू रहेको तथा ठूलो मात्रामा रहेको मिसम्याचको समस्यालाई समाधान गर्न र जानाजान गरेको गल्तीलाई क्षमा नदिन समेत निर्देशन दिनुभयो। यसैगरी कूल ग्राहस्थ उत्पादनको आधरमा वर्तमानमा भएको राजस्व संकलनलाई अझबढी योगदानमूलक बनाउन अति आवश्यक रहेको बताउनुभयो।

२० लाखभन्दा तलको कारोवार

बाँकी ३ पेजमा...

## राजस्व असुलीमा ११५ प्रतिशतको वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७१/०७२ असोज मसान्तसम्मको राजस्व असुलीमा गत वर्षको सोही अवधिको तुलनामा ११५ प्रतिशतले वृद्धि भएको कातिक २१ गते अर्थ मन्त्रालयमा आयोजना गरिएको मासिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०७१/०७२ को असोज महिना सम्मको लक्ष्य रु. २७ अर्व ६४ करोड ४६

| शीर्षक | गत वर्षको यस असोजसम्मको प्रगति | यस महिना सम्मको लक्ष्य | यस महिना सम्मको प्रगति | प्रगति प्रतिशत | वृद्धिदर प्रतिशत | वार्षिक लक्ष्यको प्रगति |
|---|---|---|---|---|---|---|
| आयकर | ७४७४९६२ | ८२७८५९५ | ८३२६९४३ | १०१ | १११ | १० |
| वहालकर | ५४१९९५ | १३१२६४३ | ५८९५२५ | ४५ | १०९ | ११ |
| ब्याजकर | १३५२९०६ | १७०७१९६ | १५०३७३२ | ८८ | १११ | १९ |
| आयकर जम्मा | ९३६९८६३ | ११२९८४३४ | १०४२०२०० | ९२ | १११ | ११ |
| मू.अ.कर | ८१६०५७६ | ९६१२५८४ | ९४२७०२७ | ९८ | ११६ | २३ |
| अन्त:शुल्क | ५४५७५२४ | ६४७३३०२ | ६६२१२३६ | १०२ | १२१ | २० |
| शिक्षा सेवा शुल्क | १०४४६० | १०४२५१ | १०८६३४ | १०४ | १०४ | २२ |
| स्वास्थ्य सेवा शुल्क | १३६०४३ | १५६०८२ | १६७१६४ | १०७ | १२३ | ३३ |
| जम्मा | २३२२८४६६ | २७६४४६५३ | २६७४४२६१ | ९७ | ११५ | १६ |

लाख ५३ हजार रहेकोमा रु. २६ अर्व ७४ करोड ४२ लाख ६१ हजार असुली भई लक्ष्यको तुलनामा ९७ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रुपमा हेर्दा आयकर रु. १० अर्व ४२ करोड २ लाख, मूल्य अभिवृद्धि कर रु. ९ अर्व ४२ करोड ७० लाख २७ हजार र अन्त:शुल्क रु. ६ अर्व ६२ करोड १२ लाख ३६ हजार असुली भएको छ। सो रकम

बाँकी ७ पेजमा....

## आँखीझ्याल

**आफ्नो कामप्रति सम्मान गरौं**
पृष्ठ ३

**उत्कृष्ट कार्यालय सम्मानित**
पृष्ठ ५

**अवैध मदिरा नियन्त्रण गर्न विभाग सक्रिय**
पृष्ठ १४



# महानिर्देशकको सन्देश

**अब हामीले हाम्रा कमी कमजोरी, सबल तथा कमजोर पक्ष र अवसर तथा चुनौतिहरुको विश्लेषण गरेर कमजोरीलाई सबलता र चुनौतिलाई अवसरमा रुपान्तरण गर्न जरुरी छ । हाम्रो प्रशासनलाई सूचना प्रविधिको प्रयोग एवं कार्यविधि र कानुनहरुमा सरलीकरण गरी करदातामैत्री बनाउन जरुरी छ ।**

आन्तरिक राजस्व विभाग आयकर, मूल्यअभिवृद्धि कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको प्रशासन गरी मुलुकको आन्तरिक स्रोत परिचालन गर्ने निकाय हो। यस विभागबाट विषयगत रुपमा कर संकलन, कर परीक्षण तथा अनुसन्धान, अनुगमन, कर सचेतना तथा कर शिक्षा समेतका कार्यहरु सम्पादन हुन्छ। यी कार्यहरु सम्पादनका लागि यो विभाग केन्द्रीय निकायको रुपमा अर्थमन्त्रालयको मातहतमा प्रत्यक्ष नियन्त्रण, रेखदेख, सुपरिवेक्षण र मार्गदर्शनका आधारमा अघि बढिरहेको छ । पछिल्लो डेढ दशक यता हाम्रा नीतिगत व्यवस्था, व्यवस्थापकीय पद्धति, सांगठनिक संरचना र समग्र आर्थिक गतिविधिहरु उदारीकरणको पद्दति अनुरुप अगाडि बढाएका छौं।

हामीले सांगठनिक संरचनामा कार्यात्मक (Functional) पद्धतिलाई आत्मसात गरेका छौं भने नीतिगत व्यवस्थामा स्वयंकर निर्धारण, स्वयंकर घोषणा र स्वयं व्यवस्थापन (Self Management) पद्धतिलाई आत्मसात गरेका छौं । हाम्रा समग्र नीति एवं क्रियाकलापहरुमा विशेष गरेर सरकार, नीजि क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, स्थानीय निकाय र अन्तर्राष्ट्रिय समुदाय जस्ता शासकीय साझेदारहरु समेतको सहभागितामा हामीले जोड दिएका छौं । कार्यबोझको विस्तार र पर्यावरणीय अनुकूलता अनुरुप हाम्रो सांगठिनक संरचनालाई पनि विस्तार गर्दै लगिएको छ।

विभाग मातहत मुलुकका ३० जिल्लामा ४९ वटा कार्यालयहरु स्थापना गरिएका छन् । जसमा एउटा ठूला करदाता कार्यालय, २२ वटा आन्तरिक राजस्व कार्यालय, २६ वटा करदाता सेवा कार्यालय रहेका छन्। ती जिल्ला भन्दा बाहिर पनि तत् तत् जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मूल्य अभिवृद्धि कर, आयकर, कर विवरण, आयविवरण तथा राजस्व संकलन गर्ने कार्यमा सहयोग लिइरहेका छौं । स्थानीय स्तरमा करदाताहरुलाई स्थायी लेखा नम्बर प्रदान गर्न उद्योग वाणिज्य संघहरुसँग सहकार्य गरेर निजी क्षेत्रलाई पनि सहभागिता गराएका छौं। गत आर्थिक वर्षको हाम्रो राजस्वको स्थितिलाई मूल्यांकन गर्ने हो भने आर्थिक वर्ष २०७०/७१ मा राजस्व संकलनको दृष्टिले विभागको कार्यसम्पादन अत्यन्त सन्तोषप्रद र उत्साहजनक रहेको देखिन्छ। गत वर्ष मुलुकको राजस्वको लक्ष्य कूल रु. ३५२ अर्व मध्ये यस विभागको लक्ष्य रु. १३७ अर्व रहेको थियो। गत वर्ष मुलुकमा ३५७ अर्व कूल राजस्व संकलन भएकोमा आन्तरिक राजस्व विभागबाट मात्र रु. १४१ अर्व संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशतले संकलन भएको थियो।

कर संकलन, कर परीक्षण, अनुसन्धान, करदाता सेवा शिक्षा समेतका कार्यात्मक लक्ष्य प्राप्तीमा गत वर्ष विभागले उल्लेखनीय सफलता हासिल गरेको छ। सफलता हासिल गर्ने सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र मातहत कार्यालय परिवारका सम्पूर्ण सदस्यहरु, निजी उद्यमी व्यवसायी, स्थानीय निकाय, गैर सरकारी संघसंस्था, नागरिक समाज र अन्य सम्वद्ध पक्षबाट समेत प्रत्यक्ष/अप्रत्यक्ष ढंगले योगदान भएको छ। विभागको महानिर्देशको हैसियतबाट म उहाँहरुप्रति हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

समग्र मुलुकको आर्थिक अवस्था र राजस्व व्यवस्थाको परिदृश्य (Scenario) हेर्ने हो भने ६० को दशकदेखि अहिलेसम्म मुलुकको राजस्व संकलनको परिमाण निरन्तर बढ्दै गएको छ। हाम्रो कुल गार्हस्थ उत्पादनमा राजस्वको हिस्सा पनि बढ्दै गएको छ। एक दशक अघिसम्म कूल गार्हस्थ उत्पादनको १०-११ प्रतिशतमा रहेको राजस्वको हिस्सा बढेर यस वर्ष साढे १८ प्रतिशत भएको छ भने सोही अवधिमा करदाताको संख्या पनि उल्लेखनीय रुपमा वृद्धि हुँदै गएको छ। यसमा व्यावसायिक लेखा नंवर लिने करदाता तथा व्यक्तिगत रुपमा प्यान लिने करदाताको संख्या पनि बढ्दै गएको छ। २०७१ असोजसम्मको तथ्यांकलाई हेर्ने हो भने आज मुलुकमा करिव १२ लाख करदाताहरुले औपचारिक रुपमा प्यान लिएर कर प्रणालीमा आवद्ध भएको अवस्था छ। ती मध्ये, व्यवसायिक प्यानमा ७ लाख ८ हजार भन्दा बढी दर्ता भइसकेका छन्। करिव ४ लाख ६३ हजार भन्दा बढी करदाता व्यक्तिगत प्यान लिएर औपचारिक कर प्रणालीमा आवद्ध भएका छन्। २०६८ सालको राष्ट्रिय जनगणनालाई आधार मान्ने हो भने कूल जनसंख्याको करिव साढे ४ प्रतिशत औपचारिक कर प्रणालीमा आबद्ध भएका छन्। कर व्यवस्थापनका हरेक क्षेत्रमा सरोकार पक्षहरुको सहभागिताका कारण कर प्रशासनमा करदाताको पहुँच तथा राजस्व योगदानमा वृद्धि हुँदै गएको स्थिति छ।

यस्ता धेरै सकारात्मक पक्षहरुको वावजुद पनि हामीले अपेक्षा गरे बमोजिम सोचेको, खोजेका र रोजेको स्तरमा आन्तरिक राजस्व प्रशासनले सफलता हासिल गर्न नसकेको चाहिं पक्कै हो । त्यसका पछाडि विविध कारण छन्। आन्तरिक राजस्व प्रशासनका प्रशासकीय एवं सागठनिक सक्षमता, करदाताको सचेतना, व्यावसायिकता तथा इमान्दारिता एवं कर कानुनको पूर्ण परिपालना गर्ने कार्यमा भएका कमी कमजोरीहरु एकातर्फ छन् भने अर्को तर्फ पर्यावरणीय प्रतिकूलताले पनि केही हदसम्म असर पारेको छ । जसमा राजनीतिक एवं नीतिगत अस्थिरता तथा अस्पष्टता र अन्यौलताका कुराहरु रहेका छन्।

यिनै कारणहरुले गर्दा अपेक्षाकृत रुपमा हामीले प्रतिफल प्राप्त गर्न नसकेको पक्कै हो। जसको परिणमस्वरुप आज हामी कूल जनसंख्याको करिव साढे ४ प्रतिशतलाई मात्र करको दायरामा ल्याउन सक्षम भएक छौं। करको दायरामा आइसकेका करदाताहरुले पनि समयमै विवरण नबुझाउने, मूल्य अभिवृद्धि करमा विशेषतः क्रेडिट विवरण र शुन्य विवरण बुझाउनेको संख्या अधिक छ भने अर्कोतर्फ विवरण नै नबुझाई नन फाइलर भएर वस्ने प्रवृत्ति बढिरहेको छ। हाल आयकर तर्फ करीव ४० प्रतिशत तथा मूल्य अभिवृद्धि कर तर्फ करिव ३० प्रतिशतको हाराहारीमा कर दाताले विवरण नै नबुझाउनु अत्यन्त दुखलाग्दो कुरा हो।

अर्कोतर्फ वेरुजू र वक्यौताको बढ्दो तथ्यांक तथा कर परीक्षण र अनुसन्धानमा नवीन प्रविधि तथा क्षेत्रहरुको पहिचान गर्न नसकिएको कारण आगामी समय विभागका लागि चुनौतिपूर्ण बन्दै गएको छ। विभागको कर बक्यौता आज करिव रु. ४८ अर्व छ। जसमध्ये रु. २८ अर्व करदाताहरुले राजस्व न्यायाधिकरण तथा न्यायिक निकायमा पुनरावेदन गरेको तथा सैद्धान्तिक एवं अंक गणितीय त्रुटीका कारणले हिसावमा फरक परी सिर्जना भएको देखिन्छ भने रु. २० अर्व वास्तविक असूल गर्नुपर्ने बक्यौता रहेको छ। यसरी ठूलो परिमाणमा वक्यौता रहनुले कर कानुनको पूर्ण परिपालना, करदाताको स्वस्फूर्त सहभागिता तथा करदातामैत्री कर प्रशासनलाई संकेत गर्दैन। त्यसैले वक्यौतालाई उललेखनीय रुपमा घटाउन अत्यन्त आवश्यक छ। आन्तरिक राजस्व प्रशासनको बेरुजु रु. ३ अर्व २१ करोड रहेको छ। जसलाई समयमै फछ्यौट गरी आर्थिक अनुशासनमा अभिवृद्धि ल्याउनु हाम्रो अर्को जिम्मेवारी हो।

अब हामीले हाम्रा कमी कमजोरी, सबल तथा कमजोर पक्ष र अवसर तथा चुनौतिहरुको विश्लेषण गरेर कमजोरीलाई सबलता र चुनौतिलाई अवसरमा रुपान्तरण गर्न जरुरी छ। हाम्रो प्रशासनलाई सूचना प्रविधिको प्रयोग एवं कार्यविधि र कानुनहरुमा सरलीकरण गरी करदातामैत्री बनाउन जरुरी छ। जसबाट हामीले अपेक्षा गरेको राजस्व संकलन गरी मुलुकको समुन्नति, विकास र सुशासनको लागि आवश्यक पर्ने स्रोत साधन आन्तरिक राजस्वको माध्यमबाट परिचालन गरी संकलित राजस्वको प्रभावकारी सदुपयोगद्वारा मुलुकलाई समृद्ध दिशामा लैजान हामी अझै सक्षम हुनेछौं। यो समयको माग पनि हो।

अतः समग्र शासकीय संयन्त्रले रोजेको, खोजेको र अपेक्षा गरेको विषयवस्तु पनि यही नै हो भन्ने ठानेर हामीले २०७१ मंसिर १ गते तेस्रो राष्ट्रिय कर दिवस मनाउन लागि रहेका छौं। त्यसको अवसरमा एउटा मूल आदर्शका रुपमा '**करदातामैत्री कर प्रशासन, समृद्धि र सुशासन हाम्रो अभियान**' भन्ने नारा चयन गरेका छौं। यही नाराका साथ यो वर्ष हाम्रा सम्पूर्ण गतिविधिहरु अगाडि बढाउने छ। आज समग्र राष्ट्रलाइ समृद्ध, शान्त, न्यायपूर्ण, आधुनिक र समावेशी बनाउका लागि नयाँ दिशामा रुपान्तरण गर्ने लक्ष्यमा हामी लागेका छौं।

यस सन्दर्भमा राज्य संचालनको आधारभूत स्रोत भनेको आर्थिक स्रोत नै हो। आर्थिक स्रोतको पनि मूलभुत अंश भनेको आन्तरिक स्रोत नै हो। उक्त आन्तरिक स्रोत परिचालन गर्ने जिम्मेवारी यस विभागको हो। त्यसैले समग्र राज्यको लक्ष्य हासिल गर्दै राज्यलाई समृद्ध तुल्याई सुशासन कायम गर्नका लागि, आन्तरिक राजस्व विभागको भूमिका सर्वाधिक महत्वपूर्ण छ। यो महत्वपूर्ण भूमिकामा हाम्रा सम्पूर्ण कर प्रशासन तथा राजस्व प्रशासनमा संलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु, व्यावसायिक साझेदारहरु, शासकीय साझेदारहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, स्थानीय निकाय, दातृ निकाय, सरकारी संयन्त्रका अन्य सरोकारवालाहरु सबैले एकजुट भएर लाग्नु पर्नेर यो मूल अभियानमा सबैले हरतरहले सहयोग गर्नुपर्ने स्थिति देखिएको छ। यसका लागि सदा झै आगामी दिनमा पनि सबैसँग सकृय, सिर्जनशील र सकारात्मक सहयोगको अपेक्षा गर्दै यो तेस्रो राष्ट्रिय कर दिवसको सफलताका लागि सबै पक्षबाट सहयोग हुनेछ भन्ने मैले अपेक्षा गरेको लिएको छु। त्यसैगरी मुलुकले लिएको समुन्नत राष्ट्निर्माणको संकल्प पूरा गर्न हामीलाई थप उर्जा बढाउनका लागि सबैबाट सार्थक सहयोग हुनेछ भन्ने अपेक्षा राख्दै, यो **तेस्रो राष्ट्रिय कर दिवस** सव्य एवं भव्य रुपमा मनाउँदै अगाडि बढ्नका लागि सबैमा बिनम्र अनुरोध गर्दछु। धन्यवाद।

मंसिर, २०७१

**चुडामणि शर्मा**
महानिर्देशक

गोदावरी...



पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय अर्थमन्त्री डा. महत

गर्नेको नै धेरै मिसस्याचको समस्या आएको बताउनुहुँदै कर प्रणाली सुधार गर्ने पक्षमा अर्थमन्त्रालय रहेको बताउनुभयो। अर्थमन्त्रालय कर पुनरावलोकन आयोग गठन गर्नतर्फ लागेको व्यहोरा बताउनुहुँदै कर प्रणालीको सुधार र कर संकलनमा कति सफलता प्राप्त भयो सोको पुनरावलोकन गर्न जरुरी रहेको उहाँको भनाई थियो। विगतको तुलनामा अहिले आर्थिक गतिविधिमा धेरै परिवर्तन आइसकेको बताउनुहुँदै देश अहिले नयाँ चरणमा प्रवेश गरेकोले नयाँ आशा जागेको बताउनुभयो।

जतातर्तैबाट सकारात्मक धारणा आएको बताउनुहुँदै विश्व बैंकको कार्यक्रममा आफू सहभागी हुन जाँदा व्यवसायीले नेपालमा लगानी गर्न आफू उत्साहीत भएको विचार व्यक्त गरेको बताउनुभयो। विगतका अनुभवहरू साटासाट गरेर जुन अनुभव सुधारको बाटोमा फड्को मार्ने खालका छन् त्यसलाई आत्मसात गर्न अर्थमन्त्री श्री महतले उपस्थित कर प्रशासनमा संलग्न कर्मचारीलाई निर्देशन दिनुभएको थियो।

कार्यक्रममा मुख्य सचिव श्री लिलामणि पौडेलले कर प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिनु भएको थियो। कर प्रशासन असफल हुँदा समतामूलक राज्य बनाउने काममा पनि असफल हुने भएकाले कर प्रशासनको न्यायपूर्ण प्रयासको आवश्यकता हुनेकुरा बताउनुभयो। कर प्रशासनमा थुप्रै समस्याहरू भएकाले पीरमर्काहरूमा उचित सहयोगको खाँचो भए सामूहिक हितको लागि कर प्रशासनको इज्जत बढाउन आफू सहयोग गर्न तयार रहेको बताउनुभयो।

# आफ्नो कामप्रति सम्मान गरौं

**श्री सुमन शर्मा, अर्थसचिव**



अर्थ सचिव श्री सुमन शर्मा

अर्थसचिव श्री सुमन शर्माले आन्तरिक राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूले आफ्नो कामप्रति सम्मान गर्न आग्रह गर्नुभएको छ। आन्तरिक राजस्व विभागको आयोजनामा कात्तिक ३ र ४ गते गोदावरीमा आयोजित व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै श्री शर्माले राज्यले तोकेको १६८ अर्बको लक्ष्य विभागले प्राप्ति गर्नुपर्ने तथा बजेटमा थुप्रै स्किमहरू घोषणा गरिएकोले त्यसलाई कार्यान्वयन गर्ने तर्फ कर प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिनुभयो। करदातालाई कर तिर्नको लागि उत्प्रेरित एवं शिक्षित पार्ने सम्भावनाहरू खोजी गर्न निर्देशन दिनुभयो। बेरुजु कम गर्नुपर्ने बताउनुहुदै नीतिगत लक्ष्यहरू प्राप्त गर्ने तर्फ लाग्न समेत निर्देशन दिनुभयो। घोषणा पत्र पारित गर्दै प्रतिवद्धता र अठोट गरेकाले सफलता प्राप्त गर्नका लागि कार्यान्वयनको सुनिश्चितताामा जोड दिनुभयो। आआफ्नो कार्यालयको लक्ष्य हासिल गर्न यदि कुनै समस्या वा कमी भएमा अर्थ मन्त्रालय सहयोग गर्न तयार रहेको समेत बताउनु भयो। २०२२ सम्ममा विकसित मुलुकको रुपमा स्थापित हुनका लागि जति स्रोत साधन भए पनि नपुग्ने स्थिति भएकाले कर प्रशासनले धेरै मेहनत गर्नुपर्ने उहाँले बताउनुभयो। कर प्रशासनका कर्मचारी उच्च नैतिकतामा हुनुपर्ने तथा हरेक करदाताको रेकर्ड र उसले गर्ने गतिविधि कर प्रशासनले राख्नै पर्ने उहाँले बताउनुभयो। अन्त्यमा उहाँले लक्ष्यभन्दा बढी राजस्व असुली गरी पुरस्कृत हुने कार्यालयहरूलाई बधाई तथा शुभकामना दिनु भयो।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर राजस्वको GDP मा भएको योगदानको चर्चा गर्नुहुँदै देशभर १२ लाख करदाता रहेको बताउनुभयो। गत वर्ष १३८ अर्ब राजस्व सकलन भएको तथा १० वटा मुलुकसँग दोहोरो करमुक्ति सम्झौता भएको तथा आन्तरिक क्षमता बढाउदै गएको, लगानीमैत्री वातावरण बन्दै गएको, करको दर घटाई दायरा विस्तार गर्दै जाने तथा कर चुहावटलाई दण्डनीय व्यवस्था गर्ने तर्फ आफ्नो कर प्रशासन लागेको बताउनुभयो। साथै सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै जाने र आन्तरिक क्षमतालाई बढाउँदै, मुलुकको राजस्व प्रशासनलाई सुदृढ गर्दै जाने लक्ष्य लिएको उहाँले बताउनुभयो। कर प्रशासन जनमैत्री बनाउँदै लाने लक्ष्यमा विभाग लागेको तथा यस वर्ष विभागलाई १६८ अर्बको लक्ष्य भएकोले समग्र करको दायरा बढाउँदै लैजाने बताउनुभयो। भ्याटमा ३१ प्रतिशतभन्दा बढी ननफाइलर, आयकरमा ४० प्रतिशतभन्दा बढी रहेकाले ननफाइलरको संख्यालाई विस्तारै घटाउँदै लैजाने प्रतिवद्धता व्यक्तगर्नुभयो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका अध्यक्ष नरेन्द्र भट्टराईले पहिलेको तुलनामा




कर्मचारीलाई निर्देशन दिनुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

अहिले कर तिर्ने प्रकृयामा निकै सुधार आएको बताउनुभयो। हामीले आफैले आफैलाई चिन्यौ भने अघि बढ्न सक्छौं भन्नुहुँदै कर प्रशासनका नयाँ नयाँ धारणाहरू आएकाले त्यस्ता कुराहरूको अनुशरण गर्नका लागि व्यवस्थापन गोष्ठीले सहयोग पुऱ्याउने र आफूले सिकेका कुराहरू सेयर



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री नरेन्द्र भट्टराई



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री राजेशकाजी श्रेष्ठ



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री प्रदीपजंग पाण्डे

# सूचना प्रविधिको अझै सुधार गरौं



श्री राजन खनाल

**श्री राजन खनाल,**
**राजस्व महाशाखाका सहसचिव, अर्थ मन्त्रालय**

अर्थमन्त्रालय राजस्व महाशाखाका प्रमुख श्री राजन खनालले कर प्रशासनले जति धेरै राजस्व उठाउन सक्यो, उती नै बढी मानिसले फाइदा पाउने भएकाले देशमा लगानी गर्ने वातावरण कसरी बनाउन सकिन्छ त्यसतर्फ लाग्न निर्देशन दिनुभएको छ । आन्तरिक राजस्व विभागको आयोजनामा कात्तिक ३ र ४ गते गोदावरीमा आयोजित व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै श्री खनालले राष्ट्रिय भन्दा पनि अन्तर्राष्ट्रिय करको समस्या भएकाले लगानी गर्न आउ छुट दिन्छु भन्नु पर्ने र व्यवसाय गर्न थालिसकेपछि कसरी करको दायरामा ल्याउने भन्ने समस्या भएको उहाँको भनाइ थियो । हाल एक हजार राजस्व संकलन गर्नका लागि लगभग ९ रुपैया लगानी भइरहेको समेत बताउनुभयो । कर बुझाउन लाग्ने लागत भन्दा कर छल्न लाग्ने लागत कम भयो भने करदाताले कर नतिर्ने भएकाले कर कानुनको उल्लंघनमा कस्तो कारवाही भएको छ, कर प्रशासनको सफलता यसमै निर्भर रहने उहाँले बताउनुभयो । सूचना प्रविधिको प्रयोगबाट ९३ प्रतिशत अनलाइन फाइलिङ हुनु अति सुखद भएपनि स्टोर गर्न सक्ने क्षमतालाई विचार गर्दै र त्यसलाई सुरक्षित राख्न निर्देशन दिनुभयो । सूचना प्रविधिको प्रयोगबाट करदातालाई दिएको सुविधाबाट कर प्रशासन पछि हट्न नहुने भएकाले त्यसलाई सुधार गर्दै जानुपर्नेमा जोड दिनुभयो । कर कानुन अनुसार वास्तविक हिसाव राखेको छ कि छैन त्यसको अनुसन्धान गर्न निर्देशन दिनुहुँदै आर्थिक गतिविधि नभएको र नाफा नभएको ठाउमा कर लगाउन नहुने भएकाले कर लगाउँदा आर्थिक गतिविधिको निरन्तरतामा समेत विचार गरेर मात्रै कर लगाउन निर्देशन दिनुभयो । नेपाल डब्लुटिओमा गएकाले भन्सारबाट राजस्व घट्दै गएको र छिमेकी देशको करको दर हेरेर करको दरमा विचार गर्नुपर्ने, भएकाले तत्काल दर बढाउने अवस्था नभएकाले करको दायरा विस्तार गर्नमै जोड दिन आग्रह गर्नुभयो ।

गर्न आग्रह गर्नुहुँदै कर प्रशासन र चार्टर्ड एकाउन्टेन्ट संस्था एकाअर्काको परिरपूरक भएको बताउनुभयो । साथै वित्तीय विवरणको प्रस्तुतीकरणको सम्बन्धमा **International Financial Reporting standard** अनिवार्य लागू गर्न लागेकाले त्यसतर्फ पनि अध्ययन गर्न कर प्रशासनलाई आग्रह गर्नुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री राजेशकाजी श्रेष्ठले करको दायरालाई विस्तार गर्दै लैजान आग्रह गर्नुहुँदै नेपाल चेम्बर अफ कमर्स सधैं सहयोग गर्न तयार रहेको बताउनुभयो । खुसीका साथ कर तिरुँ तिरुँ लाग्ने वातावरण तयार गर्न आग्रह गर्नुहुँदै भूलबस तिरेको दोहोरो कर फिर्ता गर्ने व्यवस्था मिलाइदिन समेत आग्रह गर्नुभयो । करमा डर त्रास हटोस् भनेर नेपाल चेम्बर अफ कमर्सले कर डेक्सको व्यवस्था गरेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री प्रदीपजंग पाण्डेले अर्थतन्त्रलाई चलायमान पार्नको लागि कर प्रशासन पनि सक्रिय हुनुपर्ने तथा राष्ट्रलाई चलायमान बनाउन लगानीमा वृद्धि गर्नुपर्ने बताउनुहुँदै उद्योग धन्दालाई राजधानीमा मात्रै सीमित नगर्न आग्रह गर्नुभयो। देशभर उद्योग धन्दालाई विस्तार गर्ने वातावरण बनाउन आग्रह गर्नुहुँदै १२ लाख करदाताको संख्यालाई वृद्धि गर्न आवश्यक रहेको बताउनुभयो । २२ जिल्लामा मात्रै करदाता कार्यालय रहेकोले देशभर कर कार्यालय विस्तार गर्न नेपाल उद्योग वाणिज्य



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै श्री शंकरप्रसाद अधिकारी

महासंघले माग गरेको बताउनुभयो । ५० वर्षको दौरानमा ८ सय मेगावाट मात्रै विद्युत उत्पादन भएकोमा यसतर्फ लगानीको वातावरण बनाउनु




# उत्कृष्ट कार्यालयहरु सम्मानित

कात्तिक ३ र ४ गते गोदावरीमा आयोजित व्यवस्थापन गोष्ठीको समापन समारोहमा उत्कृष्ट कार्यालयहरुलाई पुरस्कृत गरिएको छ । आन्तरिक राजस्व कार्यालय धनगढीले आर्थिक वर्ष २०७०/७१ मा १०७.५५ प्रतिशत अंक ल्याएर प्रथम तथा आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरले १०५.८४ प्रतिशत अंक ल्याएर दोस्रो र १०४.२७ प्रतिशत अंक ल्याएर आन्तरिक राजस्व कार्यालय भरतपुर तेस्रो भएको छ । विभाग अन्तर्गतका २६ वटा कार्यालय मध्ये २३ वटा कार्यालयले ९५ प्रतिशतभन्दा माथि ल्याएर A++ र बाँकी कार्यालयले ८५ देखि ९५ प्रतिशतको बीचमा अंक ल्याएर A+ स्थान हासिल गर्न सफल भएको छ। पुरस्कृत कार्यालयको तर्फबाट आन्तरिक राजस्व कार्यालय धनगढीका प्रमुख कर अधिकृत श्री यज्ञप्रसाद ढुंगेलले आफ्ना भनाई राख्नुहुदै आफू भर्खरै सो कार्यालयमा गए पनि सफल कार्य सम्पादन गरेर कार्यालयलाई पुरस्कृत हुने मौका प्रदान गरेकोमा यस अघिका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीको टिमलाई बधाई दिनुभयो। साथीहरूलाई हौसला प्रदान गर्न, उत्प्रेरित गर्न पुरस्कारलाई प्रयोग गर्ने बताउनुहुँदै मासिक रुपमा कार्ययोजना बनाएर कार्यान्वयन गरियो, टिम स्प्रिटमा काम गर्न सकियो भने उत्कृष्ट कार्यालय हुन सक्छ भन्नुहुँदै दुर्गादत्त भण्डारीले कायम गर्नु भएको सुधारका कार्यक्रमलाई दत्तचित्त भएर सफल बनाउने अठोट गर्नुभयो ।

पर्ने उहाँको भनाई थियो। कर मूल्यांकनको लागि सूचनाप्रविधिको प्रयोगले अझै सजिलो भएको बताउनुहुँदै नेपाललाई २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रुपान्तरण गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघ लगानी गर्ने वातावरण बनाउन तयार रहेको बताउनुभयो ।

महालेखा नियन्त्रक श्री शंकरप्रसाद अधिकारीले चुहिने भाडोमा जतिसुकै राजस्व संकलन गर्दा नभरिने बताउँनुहुँदै सार्वजनिक खर्च र राजस्व संकलनमा सुधार ल्याउनका लागि विद्युतीय प्रणालीको उपयोग गरिने लक्ष्य रहेको स्पष्ट पार्नुभयो। त्यसैगरी हालसम्म पनि राजस्व तर्फको लेखा परीक्षण सम्पन्न गर्न नसकिएकोमा सोमा सुधार गर्नुपर्ने विषयमा जोड दिनुभयो। यसै सन्दर्भमा राजस्व संकलनको Time Information तथा करदाताको सहजताका लागि सम्वद्ध पक्षहरूसँग सहकार्य गरी उचित निस्कर्षमा पुग्न लागेको व्यहोरा समेत उहाँले उल्लेख गर्नुभयो । खर्च र राजस्व संकलनलाई सुधार गर्दै लगेको बताउनुहुँदै आफूहरू विद्युतीय प्रणालीमा जाने लक्ष्यमा रहेको बताउनुभयो। ३० मिलियन पेन्सन भुक्तानीमा जाने गरेको बताउनुहुदै यसलाई म्यानेज गर्न सफ्टवेयरको विकास गर्न लागेको तथा करदाताको सजिलोका लागि राजस्व संकलनको विषयमा नेपाल राष्ट्र बैंकसँग छलफल भइरहेको बताउनुभयो । प्रतिदिन नेपाल राष्ट्रबैंकले २२ ठाउँमा रिपोर्टिङ गर्नु पर्ने अवस्था रहेको बताउनुहुँदै आन्तरिक राजस्वको राजस्व तर्फको लेखा परीक्षण गर्न नसकिएको बताउनुभयो ।

महालेखा परीक्षक श्री भानुप्रसाद आचार्यले निर्धारित लक्ष्य प्राप्त गर्न सफल भएकोमा कर प्रशासनलाई बधाई दिनुभयो । निर्धारित लक्ष्यले अर्थतन्त्र एवं कर प्रशासनमा सुधार भएको तथा आगामी दिनमा पनि हामीले निर्धारित लक्ष्य हासिल गर्नका लागि असल अभ्यासको अनुशरण गर्नुपर्ने कुरामा जोड दिनुभयो । जिम्मेवारीबाट विमुख नभई काम गरे वित्तीय सुशासनमा सहयोग पुग्ने तथा नियमित रुपमा नेपाल सरकारका सचिवहरूले अन्तर्क्रिया गरे सार्वजनिक खर्चमा प्रभावकारीता आउने बताउनुहुँदै लेखापरीक्षणमा गर्नुपर्ने सुधारका विषयमा छलफल गरे प्रभावकारिता आई वित्तीय सुशासन प्रवर्द्धनमा समेत सहयोग पुग्ने बताउनुभयो। लेखा परीक्षकलाई सहयोग गरिदिन आग्रह गर्नुहुँदै वस्तुपरक एवं तथ्य परक बनाउन कर प्रशासनको सहयोग आवश्यक रहेको बताउनुभयो । लेखा परीक्षकले आचार संहिता पालना नगरेको अवस्था छ भने महालेखा परीक्षकलाई जानकारी दिएर सुशासन बढाउने कार्यमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका अनुगमन मूल्यांकन शाखाका निर्देशक श्री महाराज कोइरालाले गत वर्षको विभाग अन्तर्गतको कार्यालयको अनुगमन, मूल्यांकन, समिक्षा आदिको वारेमा कार्यपत्र पेश गर्नु भएको थियो ।

# विभागको महानिर्देशकमा श्री चुडामणि शर्माको पद वहाली

काठमाडौं । आन्तरिक राजस्व विभागको महानिर्देशकमा श्री चुडामणि शर्माले भाद्र २५ गते बुधवार पदवहाली गर्नु भएको छ । पदवहाली पश्चात् विभागका कर्मचारीहरू तथा उपत्यकास्थित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको कार्यक्रमलाई निर्देशन प्रदान गर्नुहुँदै महानिर्देशक श्री शर्माले सांगठनिक सफलताका लागि संगठनमा कार्यरत कर्मचारीहरूको वैज्ञानिक मगज र आध्यात्मिक हृदयको आवश्यकता रहने बताउनुभयो । साथै, कानुनको विवेकशील प्रयोग गर्नुपर्नेमा जोड दिनुहुँदै उपस्थित सम्पूर्ण पदाधिकारीहरूलाई सकारात्मक सोच राख्न निर्देशन दिई सदैव मैत्रीपूर्ण व्यवहार गर्न आग्रह गर्नुभयो ।

आफूले सामूहिक नेतृत्वमा विश्वास गर्ने हुँदा समूहमा ऐक्य भावना राखेर कार्य गर्न उहाँले निर्देशन दिनुभयो । अरुबाट सम्मान चाहने हो भने अरुलाई पनि सम्मान गर्न जान्नुपर्ने बताउनुहुँदै उहाँले 'हाम्रा सेवाग्राहीप्रति हामीले सम्मान गरे मात्र हामीले सम्मान पाउछौं' भन्नुभयो । समय परिवर्तनशील छ । समय नै शक्ति हो भन्नुहुदै आजको समय सूचना प्रविधिको युग भएकाले त्यसको समुचित प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पूर्ण कर प्रशासनको अभिभावकको रुपमा आफूले भूमिका निर्वाह गर्न लागेकाले उचित गुनासाहरू भए आफूले सम्बोधन गरी सहयोग गर्ने बताउनुहुँदै कार्यक्रम आयोजना गरेर सुन्ने र सुनाउने मौका प्रदान गरेकोमा धन्यवाद दिनुभयो । आचरण सुधारका लागि **ABCDE** को फर्मुला रहेको भन्नुहुदै उहाँले सकारात्मक दृष्टिकोण **(Attitude Positive)**, मैत्रीपूर्ण व्यवहार **(Behavior Friendly)**, कानुन-ऐन नियमको परिपालना **(Compliance)**, समयानुसार आफूलाई गतिशिल तुल्याउँदै रुपान्तरित गर्ने **(Dynamism)** र सदैव सदाचारिता **(Ethics)** कायम राखी कार्य सम्पादन गरे मात्र आचरणमा सुधार आउने तथा संगठन पनि सदैव चलायमान एवं गतिशिल हुने धारणा राख्नुभयो ।

कार्यक्रममा उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डेले महानिर्देशक श्री शर्माको स्वागत गर्नुहुँदै कार्यकालको सफलताको कामना गर्नुभयो । साथै नवनियुक्त महानिर्देशकले विभागको कुशल नेतृत्व प्रदान गर्ने विश्वास पनि व्यक्त गर्नुभयो । उपमहानिर्देशक श्री पाण्डेयले विभाग चलायमान रहेको धारणा राख्नुहुँदै नवनियुक्त महानिर्देशकले विभाग अन्तर्गतका कर्मचारीहरूमा रहेको ज्ञान, सीप तथा क्षमताको सही सदुपयोग गरेर विभागलाई नीति एवं प्रणाली सुधारतर्फ अग्रसर गराउने कुरामा आफू विश्वस्त रहेको धारणा राख्नुभयो ।



पद बहाली पछि महानिर्देशक श्री चुडामणि शर्मा



कार्यक्रममा उपस्थित कर प्रशासनका कर्मचारीहरू



महानिर्देशक श्री चुडामणि शर्मालाई स्वागत गर्नुहुँदै उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डेय



कर्मचारीहरूलाई निर्देशन दिनुहुँदै श्री महानिर्देशक शर्मा

**१ पेजको बांकी...**

निर्धारित लक्ष्यको तुलनामा आयकर तर्फ ९२ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ १०२ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. १० करोड ८६ लाख ३४ हजार र रु. १६ करोड ७१ लाख ६४ हजार असुली भएको छ। यसरी शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा १०४ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा १०७ प्रतिशत संकलन भएको छ। सो समिक्षामा उल्लेख गरिए अनुसार गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १११ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फको वृद्धिदर ११६ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर १२१ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर १२३ प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर १०४ प्रतिशत रहेको जनाइएको छ।

अर्थ सचिव श्री सुमन शर्मा, अर्थ मन्त्रालय राजस्व महाशाखाका सहसचिव श्री राजन खनाल, सम्पत्ति शुद्धिकरण विभाग, राजस्व प्रशासन तालिम केन्द्र, भन्सार विभागलगायतका महानिर्देशकहरूको उपस्थितिमा भएको सो मासिक समीक्षा वैठकमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले रु १ लाखभन्दा बढी बक्यौता राख्ने करदाताहरूको अभिलेख अद्यावधिक गरी असुल गर्ने, कानुनी कारवाही गरी आयकर तथा मूल्य अभिवृद्धि कर असुल गर्ने, बक्यौता अभिलेख अद्यावधिक गर्ने र लगत कट्टा गरी बक्यौता रकम घटाउने, कर परीक्षण गर्न छनोट गरिएका करदाताहरूको अविलम्ब कर परीक्षण सम्पन्न गर्ने, अनुसन्धानको लागि छनौट भएका करदाताहरूको कारवाही अविलम्ब सम्पन्न गर्ने, कर परीक्षण, मिसम्याच भई अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भएका करदाताहरूको कारवाही अविलम्ब गर्ने लगायतको निर्देशन उपस्थित कर प्रशासकहरूलाई दिनुभयो।

काठमाडौं उपत्यका भित्रका ठूला करदाता कार्यालय लगायत आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूका प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरूको उपस्थिति रहेको कार्यक्रममा आ-आफ्ना कार्यालयहरूको राजस्व असुली तथा काम कारवाहीमा आईपरेका समस्याहरूका वारेमा जानकारी गराइएको थियो।

# नेपाल समुद्रपार निकासी पैठारी संघको प्रतिनिधिसँग अन्तर्क्रिया सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कर तिर्नेलाई प्रोत्साहन गरिने र छल्नेलाई कडा कारवाही गरिने चेतावनी दिनु भएको छ। नेपाल समुद्रपार निकासी पैठारी संघको प्रतिनिधि मण्डलसँगको भेटमा शर्माले राजस्व प्रशासनलाई करदातामैत्री बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्नुका साथै करदातालाई प्रोत्साहन र छल्न खोज्नेलाई दण्ड सजाय गरिने बताउनुभयो।

संघ र आन्तरिक राजस्व विभागका औंल्याउनु हुँदै अध्यक्ष गुप्ताले यसको समाधानका लागि बहुदरमा जानुपर्ने सुझाव समेत दिनु भएको थियो। अध्यक्ष गुप्ताले भ्याट र आयकरमा राखेको धरौटी एकआपसमा मिलाउनु पर्ने धारणा पनि राख्नुभयो। संघका प्रतिनिधि हिमबहादुर रावलले प्रत्येक शुक्रवार करदाता र कर कार्यालयका अधिकारीबीच करका विविध विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्नुपर्ने सुझाव दिनुभयो। उहाले महिनामा एकपटक



**कार्यक्रममा सहभागी हुनुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा**

उच्च अधिकारीबीच राजस्व सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा महानिर्देशक श्री शर्माले राजस्व प्रशासनका क्षेत्रमा विगतको तुलनामा अहिले धेरै सुधार भएको समेत जानकारी दिनु भएको थियो। संघले प्रस्तुत गरेका सुझावहरूलाई उचित ध्यान दिइने र निजी क्षेत्रसँग मिलेर अघि बढ्ने प्रतिवद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

छलफलका अवसरमा संघका अध्यक्ष रमेश गुप्ताले सरकार र करदाताबीच विश्वासको वातावरण आवश्यक रहेको औंल्याउँदै करमैत्री वातावरण बनाउनुपर्नेमा जोड दिनु भएको थियो। उहाँले मिसम्याच र भ्याटका पुराना मुद्दा सल्टाउन पुनः एकपटक कर फछ्र्यौट आयोग गठन गर्नुपर्नेमा पनि जोड दिनु भएको थियो। मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा ठूलो समस्या रहेको भन्सार, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभागका अधिकारी र निजी क्षेत्रबीच नीति नियमको परिपालना लगायतका विषयमा छलफल कार्यक्रम राख्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो।

अन्तर्क्रियामा संघका कर समिति सभापति दीपक नेपालले कर क्षेत्रका समस्या तथा समाधानको उपाय सम्बन्धमा संघले तयार पारेको सामग्री प्रस्तुत गर्नु भएको थियो। अन्तर्क्रियामा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरू श्री राममणि दुवाडी, श्री डिल्लीराम शर्मा र श्री गणेशप्रसाद पाण्डेयको सहभागिता रहेको थियो भने संघको तर्फबाट पदाधिकारी र कार्यसमिति सदस्यहरूको सहभागिता रहेको थियो।

# फोटो फिचर

































बहाल आयमा १० प्रतिशत कर तिरौं।

## व्यवस्थापन गोष्ठी २०७१



# 'आर्थिक ऐन २०७१ ले गरेका विशेष व्यवस्थाका विषयमा छलफल सम्पन्न




आर्थिक विधेयक कार्यान्वयन सम्बन्धी छलफल कार्यक्रममा अर्थमन्त्री डा. रामशरण मशत लगायतका उच्च पदस्त कर्मचारीहरू

काठमाडौं। आन्तरिक राजस्व विभागको आयोजनामा साउन १ गते आर्थिक ऐन २०७१ ले गरेका विशेष व्यवस्थाहरू तथा आयकर, मूल्य अभिवृद्धिकर, अन्तशुल्क ऐनमा गरिएका संशोधनहरूको वारेमा जानकारी गराउने उद्देश्यले छलफल कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले लक्ष्य पुऱ्याउन सफल भएकोमा महानिर्देशकलगायत सम्पूर्ण कर प्रशासन परिवारलाई बधाई दिनुहुँदै आगामी आर्थिक वर्षको लक्ष्य हासिल गर्ने तर्फ लाग्न निर्देशन दिनुभयो। अर्थमन्त्री श्री महतले भन्नुभयो- तपाइहरू सवैले मेहनत गर्नुपर्दछ भन्नुहुदै लक्ष्य धेरै नभएकाले त्यसफर्त मेहनत गरेर लाग्न निर्देशन दिनुभयो। करदाताहरूलाई उचित सम्मान दिनुको साथै कर छली वा चुहावट भएको छ भने कारवाही गर्न पनि तयार हुनुपर्ने विषय उल्लेख गर्नुभयो। सूचना प्रविधिको प्रयोगले कर चुहावटका सम्भावनाहरू विस्तारै घट्दै गए पनि सामान्य राजस्व चुहावट नियन्त्रण गर्न सक्रिय भएर लाग्न निर्देशन दिनुका साथै देखिएको बद्मासीलाई कारवाही गर्न समेत आग्रह गर्नुभयो। यसैगरी सरकारले लिएको **PAN For All** नीतिलाई कार्यान्वयन गर्न पनि निर्देशन दिनुभयो।

यस वर्षबाट करदाता सेवा कार्यालयहरूलाई पनि लेखा परीक्षण गर्ने अधिकार दिइएकोले त्यसलाई यथाशीघ्र कार्यान्वयन गर्न निर्देशन दिनुभयो। लेखा परीक्षण गर्ने अधिकार जति जति बढ्दै जान्छ, राजस्व उठ्ने संभावना बढ्दै जाने बताउनुभयो। चालु वर्ष आफनो उर्जाको पूर्ण उपयोग गरेर राष्ट्र निर्माणको क्षेत्रमा योगदान दिन निर्देशन दिनुभयो।

कार्यक्रममा अर्थसचिव श्री युवराज भुसालले लक्ष्य पुऱ्याउनु नै कर प्रशासनको मुख्य दायित्व भएकाले त्यसतर्फ लाग्न निर्देशन दिनुभयो। आन्तरिक श्रोतहरूलाई बढी भन्दा बढी परिचालन गर्नुपर्ने तथा देशको आम्दानीले खर्च धान्नु पर्ने भएकाले यस्ता छलफल कार्यक्रम उपयोगी हुने बताउनुभयो। आर्थिक क्रियाकलाप गर्ने प्रत्येक व्यक्तिलाई प्यान कार्ड उपलब्ध गराउन निर्देशन दिनुहुँदै अर्थ सचिव श्री भुसालले नयाँ आर्थिक वर्षको शुभकामना सहित वर्षभरी राजस्व उठाउन सक्रिय भएर लागि परेकोमा धन्यवाद दिँदै सरकारको वजेट भर्खरै पास भएकोमा विचार, विमर्श, अन्तर्क्रिया सार्थक होस् भनी शुभकामना दिनुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले मुलुक भरकै कर प्रशासकहरूको सहभागितामा नयाँ आर्थिक ऐनले गरेका व्यवस्थाहरूका वारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। महानिर्देशक श्री शर्माले हरेक वर्ष लक्ष्यहरू निर्धारण गरिने भएकाले, यो तहसम्म लक्ष्य राखिदिए हुन्थ्यो भन्ने अपेक्षा रहेमा कार्यालयको तर्फबाट आफ्नो अवस्था खुलस्त राख्न आग्रह गर्नुभयो। उपस्थित कर प्रशासकहरूबाट कर कानुनका विषयमा राखिएको जिज्ञासाको समाधान श्री शर्माले गर्नु भएको थियो। आन्तरिक राजस्व कार्यालय र कर सेवा कार्यालयको काम कारवाहीमा केही परिवर्तन भएकाले आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने विषयमा महानिर्देशक शर्माले स्पष्ट पार्नु भएको थियो।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनालले कर कानुनमा संशोधन गर्ने कुरा जटिल भएको बताउनुहुँदै करको दर भन्दा दायरा विस्तार गर्नेमा विशेष जोड दिन आग्रह गर्नुभयो। करको दायरा विस्तार गर्न सके लक्ष्य प्राप्ती गर्न गाह्रो नहुने बताउनुभयो। तोकिएको लक्ष्य पूरा गर्न अग्रसर हुन निर्देशन दिनुहुदै कर परीक्षणको दायरालाई आजै देखि नै विस्तार गर्न आग्रह गर्नुभयो। सम्पत्ति सुद्धिकरण विभागका प्रमुख श्री चुडामणि शर्माले सूचना आदान प्रदानका विषयमा गृहकार्य चलिरहेको बताउनुहुदै घर जग्गा कारोवारमा न्यून मूल्यांकन गर्ने, राजस्व चुहावट गर्नेलाई थप दस्तुर लिएर पनि नछाडिने बताउनुभयो। सम्पत्ति शुद्धिकरण विभागले आन्तरिक राजस्व विभागबाट सूचना आदान प्रदानमा सहयोग पाइरहेको समेत बताउनुभयो।

महालेखा नियन्त्रक श्री शंकरप्रसाद अधिकारीले काठमाडौं उपत्यकामा वेभ वेष्ट



कार्यक्रममा उपस्थित कर प्रशासनका कर्मचारीहरू

सफ्टवेयर सञ्चालन गरिएको बताउनुहुँदै राजस्व व्यवस्थापनमा सहयोग पुऱ्याउने बताउनुभयो ।

राजस्व अनुसन्धान विभागका प्रमुख श्री खुमराज पुन्जालीले राजस्व चुहावट नियन्त्रण गर्न समन्वय गरेर अघि बढ्नु पर्ने बताउनुहुँदै सहयोग माग्न र सहयोग दिन आग्रह गर्नुभयो ।

भन्सार विभागका महानिर्देशक श्री सूर्यप्रसाद आचार्यले आयात निर्यातमा रोक्का गर्न, नन फाइलर भएको खण्डमा आन्तरिक राजस्व विभाग र भन्सार विभागबीच अनलाइन सम्पर्क हुनुपर्ने बताउनुहुँदै विभागले कर नतिर्ने करदाताको वारेमा सूचना उपलव्ध गराउने वित्तिकै आवश्यक कारवाही गरिने बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले उपस्थित कर प्रशासकहरूलाई स्वागत गर्नुभएको थियो । उहाँले आर्थिक विधेयक कार्यान्वयनका सम्बन्धमा स्पष्ट पार्नुहुँदै, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको काम कारवाहीमा यो आर्थिक वर्षमा केही परिवर्तन भएकाले करदाताले दुःख नपाउन् एवं असुविधा नहोस् भन्नाका लागि कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । विभागले कार्ययोजना बनाउनुपर्ने भएकाले विभाग अन्तर्गतका कार्यालयबाट केही प्रतिकृया आएको खण्डमा कार्य योजना बनाउन सजिलो हुने बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरेले आर्थिक विधेयक २०७१ मा गरिएका नयाँ व्यवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा यस अघिदेखि कारोवार गरिरहेका तर दर्ता नभएका, दर्ता भएर पनि विवरण नबुझाएका करदातालाई प्रदान गरिएका छुट सुविधाहरूको विषयमा प्रकाश पार्नुभयो । कार्यपत्रमा आर्थिक विधेयकद्वारा गरिएको परिवर्तनमा भएको संशोधन, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तशुल्क ऐन, २०५८ मा भएको संशोधन, आयकर ऐन २०५८ मा भएको शंसोधन, आदिका विषयमा स्पष्ट पार्नु भएको थियो ।

कार्यक्रममा विभागका उपमहानिर्देशकहरू श्री राममणि दुवाडी, श्री गणेशप्रसाद पाण्डे, श्री लक्ष्मीप्रसाद यादव, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ का ढुण्डीराज पोखेल, क्षेत्र नं. २ का डिल्लीप्रसाद सिवाकोटी, क्षेत्र नं. ३ का गंगाराम गेलाल, भन्सार जाँचपासका शोभाकान्त पौडेल लगायत देशभरका कर कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# तपाईहरू सबैले मेहनत गर्नुपर्दछ

## माननीय अर्थमन्त्री डा. रामशरण महत

मलाइ आशा छ, यस वर्ष गत आर्थिक वर्षको टार्गेट ओभर सुट गर्छ, भन्सारबाट पनि राम्रै रिपोर्ट आएको छ, सफलतापूर्वक टार्गेट मिट भयो विगत वर्षको त्यसको लागि रेभेन्यूमा काम गर्ने जति पनि कर्मचारी हुनुहुन्छ, यसको नेतृत्वकर्ता महानिर्देशक, कर अधिकृत सवै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । आगामी वर्ष अझ च्यालेन्ज छ । कतिपय हाम्रा ट्राडिसनल दरहरू छन् कतिपय घटेको अवस्था पनि छ । कतिपय दरवन्दीहरू घटेका छन् । तेलको सम्बन्धमा भ्याट नलगाउने संसदीय समितिको रेकुमेन्डेसन छ । त्यसले प्रतिकूल असर पार्न सक्छ । त्यसैगरी गिटी बालुवा ढुंगा निर्यातमा रोक लगाइएको छ, त्यसले असर पार्न सक्छ । तर त्यसलाई मेकप गर्नलाई कतिपय दरलाई वृद्धि पनि गरिएको छ । रेभेन्यूमा सम्वद्ध जति पनि कर्मचारी साथीहरू हुनुहुन्छ, विश्लेषण गरेर जो टार्गेट बनाइएको हो त्यसलाई प्राप्त गर्न सकिन्छ, पूरा गर्न सकिन्छ ।



हामीले धेरै लक्ष्य राखेका छैनौं र कम पनि राखेका छैनौं । हामीले २० प्रतिशतको ग्रोथ मेन्टेन गरिरहेका छौं । यो टार्गेट हासिल गर्ने पर्दछ । तपाइहरू सबैले मेहनत गर्नुपर्छ, बजेट भाषण सुन्नु भएको छ । रेभेन्यू सम्बन्धी जति पनि व्यवस्था छन् सो सम्बन्धमा एक प्रकृयाको अन्तर्क्रिया छलफल पनि भइसक्यो यसलाई पूर्णतया बुझेर गर्नुपर्छ, यो काम रेभेन्यू अफिसरहरूको हो । करदातालाई उनीहरूले पाउनु पर्ने सम्मान दिन तपाइहरू जनताको सेवक भएको नाताले सजग रहनुपर्छ । तर, चुहावट भएको छ, चोरी भएको छ भने कानुन बमोजिम कारवाही गर्न डराउनु पनि हुदैन । तपाइले दिनुपर्ने रेक्सपेक्ट पनि महत्वपूर्ण हुन्छ । चुहावटमा तपाइहरू अघि बढ्नु पर्छ खासगरी भ्याट इम्लिटेसन भन्ने कुरा यो सजिलो कुरा होइन । संसारभरी अन्य मूलुकमा पनि यो गाह्रो विषय हो । मिसम्याचका हजारौं केसहरू छन्, त्यसलाई कसरी ह्याण्डल गर्ने ? छुट दिने कुरा आफ्नो ठाउँमा छ, तर देखिएको बद्‌मासीलाई तपाइहरूले प्वाइन्ट आउट गरेर गर्नुपर्ने कारवाही गर्ने पर्दछ । अब अहिले केही नयाँ चिजहरू पनि छन् जस्तो प्रत्येक व्यक्तिलाई प्यान नम्बर दिन लागिएको छ । जसले सरकारी तलव बुझ्छ, पारिश्रमिक बुझ्छ, फि बुझ्छ अथवा कुनै पनि सेवा प्रदान गरे वापत सरकारी ढुकुटीबाट रकम लिन्छ भने उसलाई अनिवार्य रुपमा प्यानमा दर्ता गर्नुहोस् । प्यान नम्बर राष्ट्रका प्रत्येकले लिनुपर्छ ।

जति पनि फाइनान्सियल ट्रान्जेक्सनहरू छन् प्यानको घोषणा गरिसकेपछि सवै रेकर्ड हेर्न सकिन्छ । विस्तार विस्तार अटोमेसनमा त जानै पर्दछ । आइटी सिस्टमको प्रयोग बढी हुन थाल्यो । जसले गर्दा लिकेजका सम्भावनाहरू मिनिमाइज हुदैछन् । भन्सारमा जसरी आइटी टेक्नोलोजी प्रयोग भएको छ, प्रविधि प्रयोग भएको छ । त्यसैगरी आइआरडीमा आइटी प्रविधिको प्रयोग हुन थालेपछि लिकेजका सम्भावनाहरू विस्तार विस्तार घट्दै जान थालेको छ । महालेखाले पनि नयाँ सफ्टवेयरको शुरुवाती गरेको छ । कर सेवा कार्यालयहरूलाई पनि अडिट गर्ने अधिकार दिइएको छ । पाँच करोडसम्म अडिट गर्ने अथोरीटि दिइएको छ । अडिटको नमूना जति विस्तार गर्दै जान्छौ त्यति त्यति रेभेन्यूको दर बढ्दै जान्छ । अहिले स्याम्पलको साइज नै कम छ । त्यसले लिकेज प्रसस्त छ । त्यसैले मिसम्याचको समस्या हजारौं देखियो । त्यसकारण यसलाई सकेसम्म अडिटलाई विस्तारित गर्नुपर्छ, साइज बढाउनु पर्छ । अटोमेटिक सिस्टममा गएर करलाई बढाउनुपर्छ । यो आर्थिक वर्षको पहिलो दिन हो । बजेटको घोषणा गरेका छौं । जसको तपाइहरूलाई जानकारी छ । त्यस्तै कर सम्बन्धी रेभेन्यूसम्बन्धी नीतिहरू छन् । यसले आगामी वर्ष उत्पादनशील वर्षको रुपमा विकसित गर्नुपर्छ । परिणाम निकाल्नुपर्छ । विकासका सम्बन्धमा ग्रोथका सम्बन्धमा इन्भेस्टमेन्टका सन्दर्भमा, विकासका गतिविधिका सबन्धमा रेभेन्यू जेनेरेशनका सम्बन्धमा प्रत्येक दृष्टिकोणले यो उत्पादनशील वर्षमा तपाइहरू जो जो जहाँ जहाँ हुनुहुन्छ भोलि जो जहाँ जानु होला आफ्नो फूल माइन्डका साथ आफ्नो क्षमताको पूर्ण प्रयोग गरेर आफ्नो जिम्मेवारी पूरा गर्ने साथ साथै राष्ट्र निर्माणमा पनि योगदान दिलाउने काम गर्नुहोस् यही मेरो शुभकामना छ ।

(अर्थमन्त्री डा. महतबाट कर प्रशासनका कर्मचारीहरूलाई २०७१ साउन १ गते दिनु भएको निर्देशन)

वर्ष २, अङ्क ५, २०७१ मंसिर Vol 2, Issue 5, November 2014

# महानिर्देशक टंकमणि शर्माको विदाई



महानिर्देशक श्री टंकमणि शर्मालाई उपहार प्रदान गर्नुहुँदै उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्मा




महानिर्देशक श्री टंकमणि शर्माको साथमा अन्य कर्मचारीहरु

नेपाल सरकारको काम् सचिवमा बढुवा हुन् भएका आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको २०७१ साउन ३० गते विदाई कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा महानिर्देशक श्री शर्माले नेपाल सरकारलाई धन्यवाद दिनुहुँदै यो सफलता आफ्नो मात्र नभएर समग्र आन्तरिक राजस्व विभागको पनि सफलता भएको बताउनुभयो। उहाँले सरुवा भएको कार्यालयको लुकेको, छिपेको कुरा उजागर गरेर ल्याउने बताउनुहुँदै आफूले विभागमा रहँदा ३ वर्षको अवधिमा क्रमशः १० हजार, १२ हजार र १४ हजार करोड रकम राजस्व उठाउन सफल भएको बताउनुभयो। सरकारले आफूलाई मूल्यांकन गरेर ठिकै ठाउ उपलब्ध गराएको बताउनुहुँदै कामलाई प्राथमिकता दिनुपर्ने र कुर्सी मात्र ओगट्ने हो भने आजको दिनमा कुनै काम नहुने बताउनुभयो। आन्तरिक राजस्व विभाग एउटा ठूलो बगैंचा हो यसको संरक्षण गर्दै आइयो भने सफलता हात लाग्ने बताउनुभयो। श्री शर्माले कामको दौरानमा कुनै मनमुटाव, केही कमजोरी भएको खण्डमा कर प्रशासनका साथीहरूलाई विर्सन अनुरोध गर्नुभयो।

कार्यक्रममा उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले काम् सचिवमा बढुवा हुन् भएका महानिर्देशक शर्माले कार्यकुशलता अझै देखाउनुहुनेछ भन्ने आशा व्यक्त गर्नुभयो। आफ्ना कर्मचारीको वृत्ति विकासमा सधैं लागि पर्नुहुन्थ्यो भन्नुहुदै आफ्नो कार्यकालमा विभागलाई राम्रोसँग अगाडि बढाउन सफलता मिलेको बताउन् भयो। उपमहानिर्देशक श्री शर्माले कर परिवारको तर्फबाट उहालाई सहयोग गर्नु परेको खण्डमा आफूहरू तयार रहेको बताउनुभयो। काम् सचिवका रुपमा जान लाग्नु भएको कार्यालयमा सफलता मिलोस् भन्नुहुदै नेपाल सरकारले मूल्यांकन गरेर काम् सचिवको जिम्मेवारी दिएकोले कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रममा उपमहानिर्देशक श्री राममणि दुवाडीले नेपाल सरकारको सचिव जस्तो गरिमामय पदमा पुग्नु भएकोमा विभाग र आफ्नो तर्फबाट बधाई दिनुहुदै आन्तरिक राजस्व विभागमा रहँदा व्यक्तिको गोजीबाट राज्यको ढुकुटी भर्ने काम जटिल हुँदाहुँदै पनि कामको नेतृत्व सफलतापूर्वक, गतिशिल ढंगले सम्पन्न गर्नुभएको बताउनुभयो। महानिर्देशक शर्माको कार्यकालमा कर प्रशासनको उपस्थिति सबै ठाउँमा पुऱ्याउन सफल हुन् भएको बताउनुभयो। उपमहानिर्देशक श्री दवाडीले सरुवा भएको कार्यालयमा उहाँले अरु क्षमताको प्रयोग गर्नु हुनेछ, क्षमता अझै बढोस् कार्यकालमा सफलता मिलोस् भन्नुहुँदै लामो अनुभव, आफ्नो क्षमता दक्षतामा सधै सफल रहेकाले आगामी दिनमा अझै सफलता मिलोस् भन्ने शुभककामना समेत दिनुभयो।

कार्यक्रममा उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डेयले नेपाल सरकारले काम् सचिवमा बढुवा गरेर सही मूल्यांकन गरेको बताउनुहुँदै महानिर्देशक शर्मालाई बधाई दिनुभयो। महानिर्देशक शर्माले आन्तरिक राजस्व विभागलाई कार्यदिशा दिई, सफलतातर्फ लैजान सक्षम हुनुभएको बताउनुभयो। विभागको समस्यासँग जुध्न गाह्रो हुने बताउनुहुँदै महानिर्देशक श्री शर्मासँग हिम्मत र पावर बढी भएकाले जस्तोसुकै समस्या पनि सरल ढंगले लिई सहजै समाधान गर्ने उहाँको बानीको प्रशंसा समेत गर्नुभयो।

# विदाई तथा स्वागत कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व विभागले आफ्नो कार्यालय अन्तर्गत सरुवा भएर आउनु भएका र आफ्नो कार्यालयबाट अरु कार्यालयमा सरुवा भएर जानु भएका कर प्रशासनका कर्मचारीहरूलाई विदाई तथा स्वागत कार्यक्रम २०७१ असोज १० गते सम्पन्न गरेको छ। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विदाई तथा स्वागत जस्ता कार्यक्रम नेपालीहरूको संस्कार र परम्परा भएको बताउनुभयो। आफ्ना अनुभवहरू आदान प्रदान गर्नाले कर्मचारीहरूको बीचमा सुसम्बन्ध विस्तार र कार्यगत एकताका लागि टेवा पुग्ने बताउनुभयो। सकारात्मक सोचका साथ कार्य सम्पादन गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्नुहुदै विभागबाट सरुवा भएर जो जानु भएको छ, उहाँहरूलाई पनि हार्दिक आभार व्यक्त गर्नुभयो। सबै कर प्रशासनका कर्मचारीहरूलाई सफलता प्राप्त होस् भन्ने शुभकामना दिनुहुँदै कार्यालयमा २० औं वर्ष बसे पनि विज्ञता हासिल गर्न गाह्रो हुने बताउनुभयो। महानिर्देशक श्री शर्माले करको विषय धेरै गहन भएको र दायरा धेरै ठूलो भएकाले नयाँ ढंगले अगाडि बढ्नुपर्ने बताउनुभयो। सकारात्मक सोच भएका मिलनसार स्वभावका साथीहरू विभागबाट सरुवा भए पनि उहाँहरूको सहयोग विभागलाई सधैं आइपर्ने बताउनुभयो। राम्रा कामहरूलाई स्मरण गर्न अनुरोध गर्नुहुँदै श्री शर्माले व्यवस्थापनमा सुधार गर्न सुन्ने, सुनाउने, सुधार्ने, सुख, दुख सेयर गर्ने क्षमता कर्मचारीहरूमा हुनुपर्ने बताउनुभयो। संस्थाको समृद्धिको लागि, संस्थागत उन्नति प्रगतिमा सफलता मिलोस् भन्नुहुँदै व्यक्तिगत र संस्थाको तर्फबाट पनि विजया दशमी, दीपावली, छठ, इद, नेपाल सम्वत सवैको शुभकामना दिनुभयो।



उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माको विदाई गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

कार्यक्रममा विदाई हुनु भएका उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले विभागको तर्फबाट विदाई कार्यक्रमको आयोजना गरिएकोमा सवैलाई धन्यवाद दिनुभयो। १४ महिना अघि आफू सरुवा भएर यस कार्यालयमा आए पनि राजस्वको वारेमा कर प्रशासनका कर्मचारीहरू नै आफ्नो गुरु भएको बताउनुभयो। कार्यक्रममा श्री शर्माले आफ्नो कार्यकालमा आत्मीयताका साथ बसेर काम गरियो, समूहमा काम गरियो, विहान, बेलुका कुनै पनि समय मिलाएर काम गरियो भन्नुहुदै महानिर्देशक सर पनि सकारात्मक सोच भएको हुनाले उहासँग काम गर्न सजिलो हुने बताउनुभयो। विभागमा काम गर्न चुनौतिपूर्ण भएको बताउनुहुँदै समग्र कर प्रशासन हेर्नु पर्ने भएकाले यसको दायरा फराकिलो भएको बताउनुभयो। उहाँले कार्य सम्पादनको दौरानमा केही नराम्रो भएको खण्डमा विर्सिदिन आग्रह समेत गर्नुभयो। हामी एउटै परिवार हौं भन्ने बुझेर मनन गरेर काम गर्न अनुरोध गर्नुहुँदै विजया दशमी, ल्होसार, छठ, इद नेपाल सम्वतको उपलक्ष्यमा शुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो।

# Integrated Tax System सम्बन्धी तालिम सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजनामा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि सूचना प्रविधि शाखाबाट Integrated Tax System सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरिएको छ।




२०७१ वैशाख ५ गतेदेखि १७ गतेसम्म विभागबाट खटिएको पहिलो टोलीबाट आन्तरिक राजस्व कार्यालय भद्रपुर, धरान, विराटनगर, करदाता सेवा कार्यालय इलाम, दमक, धनकुटा, इटहरीमा रहेका कार्यालयमा कार्यरत



कर्मचारीहरूलाई तालिम प्रदान गरिएको थियो। त्यसैगरी दोस्रो टोलीबाट वैशाख ५ देखि १३ गतेसम्म आन्तरिक राजस्व कार्यालय लहान, जनकपुर, करदाता सेवा कार्यालय गाईघाट, वर्दीवास तथा तेस्रो टोलीबाट वैशाख १८ देखि २२ गतेसम्म आन्तरिक राजस्व कार्यालय धनगढी र महेन्द्रनगरमा कार्यरत कर्मचारीहरूलाई तालिम प्रदान गरिएको थियो।

त्यसैगरी २०७१ जेठ ५ देखि २२ गतेसम्म पहिलो टोलीबाट आन्तरिक राजस्व कार्यालय भरतपुर, भैरहवा, बुटवल, पोखरा, करदाता सेवा कार्यालय तानसेन, बाग्लुङ, दमौली, दोस्रो टोलीबाट आन्तरिक राजस्व कार्यालय हेटौडा, वीरगञ्ज, सिमरा करदाता सेवा कार्यालय गौर र तेस्रो टोलीबाट आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, दाङ, कृष्णनगर, कर दाता सेवा कार्यालय जुम्ला र सुर्खेतमा तालिम प्रदान गरिएको छ।



कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं।

# अवैध मदिरा नियन्त्रण गर्न विभाग सक्रिय हुँदै



कार्यक्रममा व्यवसायी तथा नियामक निकायका प्रतिनिधिका साथ महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । आन्तरिक राजस्व विभागको आयोजनामा मदिरा उत्पादक तथा उद्योगीहरूको उपस्थितिमा मदिराको बोतलमा टाँस गर्ने स्टिकरको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल **(Shrink Cab)** को प्रयोग र अवैध मदिरा नियन्त्रण सम्बन्धी विषयमा आन्तरिक राजस्व विभागमा असोज ३० गते छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले आर्थिक ऐनमा विभागले तोकेको मितिदेखि लागू हुनेछ भन्ने उल्लेख भएकाले **(Shrink Cab)** को प्रयोग गर्न लागिएको बताउनुभयो । राम्रो गर्ने उद्देश्यले **(Shrink Cab)** को प्रयोग गर्न लागिएकोले भोलि अनुगमन गर्न सजिलो होस्, लिकेज कम होस् भनेर कर प्रशासन र मदिरा प्रशासनबीच बहुआयामिक पक्षबाट विश्लेषण गर्न आग्रह गर्नुभयो ।

व्यवसायीलाई विवेकशील भएर काम गर्न अनुरोध गर्नुहुँदै आन्तरिक राजस्व विभागबाट जतिबेला पनि अनुगमन हुनसक्ने भएकाले पेशागत मर्यादाको ख्याल राख्न अनुरोध गर्नुभयो । महानिर्देशक श्री शर्माले **One miss Busness Finish** हुने बताउनुहुँदै नक्कली मदिरा, चुरोटहरू बजारमा आउने क्रममा सुधार हुँदै गएको तर अहिले फेरि बजारमा नक्कली भेटिएका उजुरीहरू पर्न थालेको बताउनुहुँदै आफूले माइक्रो लेभलमा आएका सूचनाहरूलाई कार्यान्वयन गर्ने बताउनुहुँदै गल्ती गर्नेलाई विभागले नछाड्ने बताउनुभयो ।

अवैध मदिरा नियन्त्रण गर्नका लागि अन्तशुल्क ऐन, मदिरा ऐन रहेको उल्लेख गर्नुभयो । नेपालमा बिक्री वितरण गरिने कुनै पनि मदिरामा आन्तरिक राजस्व विभागले छपाएको स्टिकर लगाउनु पर्ने बताउनुभयो । व्यवसायीहरूलाई आत्म अनुसासनमा बस्न आग्रह गर्नुहुँदै मदिराले सवैभन्दा ठूलो प्रभाव स्वास्थ्यमा पार्ने हुँदा यसले असुरक्षा, शान्ति, सद्भाव, सदाचार विगार्ने, भ्रष्टाचार बढ्ने, गरिवी बढाउने, अस्वस्थ हुने, संकट ल्याइदिने, खाद्य संकट हुने, दुर्घटना बढ्ने, सकारात्मकभन्दा नकारात्मक असर बढी हुने भएकाले नीतिबाट हामीले सुधारको बाटो खोज्नुपर्ने बताउनुभयो । अवैध मदिराका मूल उत्पादन गर्ने ठाउँमा विभागले खोजीनीति गर्ने बताउनुभयो । मानव स्वास्थ्यलाई ध्यान दिएर काम गरौं भन्नुहुँदै एकले अर्कालाई दोष दिएर भन्दा सवै मिलेर अघि बढौं भन्नुभयो । आन्तरिक राजस्व विभागको भन्दा पनि तपाइ हाम्रो सवैको काम सम्झिएर काम गरौं भन्ने श्री शर्माको आग्रह थियो ।

कार्यक्रममा उपमहानिर्देशक श्री राममणि दुवाडीले अवैध मदिरा नियन्त्रण गर्न विभागमा अवैध मदिरा नियन्त्रण समिति र जिल्लामा पनि आन्तरिक राजस्व कार्यालयको अध्यक्षतामा सिडीओ, नागरिक समाज समेतको प्रतिनिधि रहनेगरी अवैध मदिरा नियन्त्रण गर्ने समिति रहेको बताउनुभयो । आन्तरिक राजस्व विभागको पहलमा मात्र केही गर्न नसकिने बताउनुहुँदै सवैको सहयोगमा अवैध मदिरा नियन्त्रण गर्न सकिने बताउनुभयो । अन्तशुल्क ऐनमा अवैध मदिरा उत्पादन गरेको सुराकी दिएमा पुरस्कार लिएको उदाहरण पनि भएकाले चोरी, अवैध विक्री वितरण रोक्नका लागि **Shrink Cab** को प्रयोग गर्न लागिएको बताउनुभयो । गत साउन भदौमा नक्कली मदिरा बिक्री वितरण गर्नेलाई विभागले कारवाही गरेको बताउनुहुँदै लिकेज कन्ट्रोल, स्टिकरको सुरक्षा हुने भएकाले **Shrink Cab** को प्रयोगमा विभागले अनिवार्य गर्न लागेको बताउनुभयो ।

मदिरा उत्पादक संघका अध्यक्ष रवि केसीले काठमाडौंमा दैनिक १० ट्रक भन्दा बढी सक्खर बिक्री वितरण भइरहेकोले सवै नक्कली मदिरा उत्पादनमा प्रयोग भएको हुनसक्ने बताए । विभागलाई अनुगमन गर्न आग्रह गर्दै ९५ प्रतिशत अवैध मदिरा सक्खरबाट तयार हुने बताए । उनले थिनर जस्तो विषाक्त पदार्थको आयात नेपालमा किन बढिरहेको छ ? अवैध मदिरामा प्रयोग हुनसक्ने यस्ता केमिकलको वारेमा अनुसन्धान गर्न आग्रह गरे ।

कार्यक्रममा उपस्थित व्यवसायीहरूले प्रशासनले अवैध मदिरा पक्राउ गरेको बेला व्यवसायीका वैध मदिरा उत्पादन र बिक्री वितरण बढी हुने बताए । प्रशासन खुकुलो भएको अवस्थामा वैध मदिरा बिक्री वितरणमा कमी आउने बताउँदै प्रशासन सक्रिय भइदिने हो भने राजस्व बढ्ने उनीहरूको तर्क थियो । नक्कली मदिराको उत्पादन हुने समय समयमा ठाउँ परिवर्तन भइरहने भएकाले कानुन कडा बनाइदिन आग्रह गरे ।

व्यवसायीले अवैध मदिराको कारोवारले

वैध व्यापारीको व्यवसायमा घाटा परेको बताउँदै यसलाई जतिसक्दो छिटो नियन्त्रण गरिदिन आग्रह गरे । अवैध मदिरा साँच्चै नियन्त्रण गर्ने हो भने मदिरा ऐन २०३१ लाई कार्यान्वयन गर्न भुल्न नहुने बताए । अवैध मदिरा मन्द विष भएकाले यसतर्फ सचेतना जगाउने खालका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । राजमार्गका छेउछाउका अवैध मदिरा पसलहरू हटाउन नीति तथा कार्यक्रममा नै उल्लेख भएकाले त्यस तर्फ ध्यान दिनु पर्ने बताए । बजारमा गएर अनुगमन गरिदिन आग्रह गर्दै उद्योगी व्यवसायीहरू सतर्क हुँदै जान थालेको बताए ।

कार्यक्रममा उपस्थित खाद्य वैज्ञानिकले वैध भनिएका मदिरा पनि गलत तरिकाले प्याकेजिङ तथा भण्डारण गर्ने गरेको बताए । केही समय अघि जीसीएमएस प्रविधिबाट बजारका मदिराको अनुसन्धान गर्दा मिथानल तथा कार्वन जस्ता विषाक्त पदार्थ अत्याधिक भेटिएको बताए । उनले नेपालमा मदिराको गुणस्तर कहिल्यै चेक गरिंदैन, गुणस्तर कसले हेर्ने ? व्यवसायीले अदुवाको रक्सी, ऐंसेलुको वाइन भनेर उपभोक्ताहरूलाई ढाँटिरहेको बताए, जुन बनाउन मिल्दैन । जुनसुकै मदिरा सेवन गरे पनि उपभोक्तालाई मन्द विष सेवन गर्दैछु भन्ने कुरामा सचेत रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र पोखेल, सशस्त्र प्रहरी उपरीक्षक पदमसिंह ऐर, शिवलाल पौडेल नगर प्रहरी निरीक्षक, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, राजस्व अनुसन्धान विभाग, वाणिज्य विभाग, कम्पनी रजिष्टारको कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, उपभोक्ता हित संरक्षण मञ्च, नेपाल पेय पदार्थ बिक्री वितरण व्यवसायी संघ, नेपाल खुद्रा व्यापार संघ, नेपाल किराना व्यवसायी संघ, नेपाल मदिरा उत्पादक संघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग वाणिज्य महासंघ, एशियन डिस्टीलरी प्रालि, त्रिशक्ति डिस्टीलरी, युनाइटेड डिस्टीलरी, श्री सुमी डिस्टीलरी, श्री नेपाल डिस्टीलरी, कर्णाली डिस्टीलरी, त्रियुगा, हाइल्याण्ड, डिस्टीलरी लगायतका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

# सूर्तिजन्य पदार्थ उत्पादकहरूसँग विभागको अन्तर्क्रिया सम्पन्न

काठमाडौं । आन्तरिक राजस्व विभागको आयोजनामा असोज २९ गते बुधवार सूर्तिजन्य पदार्थ उत्पादक संघका पदाधिकारी एवं उद्योगीहरूको उपस्थितिमा सूर्तिजन्य पदार्थ, गुट्खा, विडी, पान मसला आदिमा प्याकिङ सामग्रीमा सूचना मूलक सन्देश, अन्तशुल्क स्टिकरको प्रयोग तथा तोकिएको तौलमा प्याकिङ गर्नुपर्ने लगायतका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले समस्यालाई तेर्स्याएर यो मेरो समस्या होइन तेरो हो भनेर भाग्न नपाइने बताउनुभयो । कोही कसैले उन्मुक्ति पाउनु हुँदैन, कानुनको शासन सवैले मान्नुपर्छ भन्नुहुँदै विभागले कर्मचारीलाई नाका नाकामा राखेर अनुगमन गर्न लागिएकाले अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । विभागबाट आजैदेखि



अनुगमन गर्न सक्ने हुदा सचेत रहनुहोस् भन्नुभयो । व्यवसायीहरूलाई बेलैमा त्यसतर्फ सचेत रहन आग्रह गर्नुहुँदै यदि तपाइले अनुशासन र कानुन उल्लंघन गर्नु हुन्छ भने आन्तरिक राजस्व विभाग चुप लागेर नबस्ने बताउनु भयो । श्री शर्माले मानव स्वास्थ्य नै पहिलो भएकाले त्यस तर्फ सचेत भएर व्यवसाय गर्न अनुरोध गर्नुभयो । कुनै पनि कमजोरी भेटिएको खण्डमा त्यसलाई आफ्नो नेतृत्वको अन्तशुल्क प्रशासनले कडा कारवाही गर्ने चेतावनी दिनुभयो । व्यवसायीका जायज समस्याहरू सुन्न विभाग तयार रहेको बताउनुहुँदै व्यवसाय प्रवर्द्धन र सुधार गर्नका लागि विभाग सिफारिस गर्नु पर्ने ठाउँमा सहयोग गर्न पनि तयार रहेको बताउनुभयो । एकले विराएर तपाईं हामी सवैलाई पिराउने काम वन्द गरी व्यवसायलाई मर्यादित बनाउन अनुरोध गर्नुभयो । कुनै पनि समय विभागले सूर्तिजन्य पदार्थका कारोवार स्थल, उद्योगमा छापा मार्न सक्ने हुनाले सचेत रहन आग्रह गर्नुभयो । पहिले आफैले आफैलाई सुधार्न आग्रह गर्नुहुँदै राज्यले निषेध नगरेको वस्तुको व्यवसाय गर्दा राज्यले बनाएको नियम कानुनको पालना गर्नु पर्नेमा जोड दिनुभयो । तपाईहरूको सहकार्य कम छ, सशक्तता कम छ । परेका समस्याहरू समाधान गर्न सामूहिक रुपमा अघि बढ्न महानिर्देशक श्री शर्माले आग्रह गर्नुभयो ।

उपमहानिर्देशक श्री राममणि दुवाडीले सरकारले नियम कानुन बनाएकोले व्यवसायीहरूलाई नियम अनुसार हिड्नुपर्नेमा जोड दिनुभयो । स्टिकरहरू प्रयोग नभएका सूर्तिजन्य पदार्थको बजारमा बिक्री वितरण भइरहेका गुनासाहरू नआओस् भन्नुहुँदै तपाइहरूले बदमासी गर्नेको एकले अर्काको उजुरी दिन आग्रह गर्नुभयो । आफ्नो व्यवसाय सुरक्षाको लागि, प्रवर्द्धनको लागि अघि बढ्न आग्रह गर्नुहुँदै नक्कली स्टिकर भएका सूर्तिजन्य पदार्थ धनगढीमा भेटिएको र कारवाही पनि गरिएको बताउनुहुँदै नक्कली स्टिकरको प्रयोग भएका सूर्तिजन्य पदार्थहरू बजारमा फेरि पनि भेटिए विभाग कडा रुपमा प्रस्तुत हुने बताउनुभयो । सरकारले लिएको सदासयतालाई नमान्ने हो भने कारवाही गर्छ भन्नुहुँदै उपभोक्ताहरूको स्टिकर प्रयोग गरेको सूर्तिप्रति विश्वसनीयता बढी हुने बताउनुभयो । विभागले राम्रो काम गर्नेलाई गत साल पनि पुरस्कृत गरेको बताउनुहुँदै पुरस्कारको सम्मान गर्न आग्रह गर्नुभयो । त्यो गौरव कायम राख्दै फेरि त्यो पुरस्कार लिने गरी काम गर्न व्यवसायीलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सोना टोवाको उद्योग, वीजाई फ्रेगनेन्स, केरी टोवाको प्रोडक्ट, राधाकृष्ण प्रोडक्ट, श्री शिवशक्ति प्रोडक्सन लगायतका उद्योगका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# गोदावरी घोषणापत्र, २०७१

आर्थिक वर्ष २०७०/०७१ मा आयकर रु ७७.९३ अर्ब, आन्तरिक तर्फको मूल्य अभिबृद्धि कर रु ३४.४० अर्ब, आन्तरिक तर्फको अन्तःशुल्क रु २७.३९ अर्ब, स्वास्थ्य सेवा कर रु ४४ करोड र शिक्षा सेवा शुल्क रु ४३ करोड गरी कुल रु १४०.५९ अर्ब कर राजस्व संकलन गरिएको छ। गत आर्थिक वर्षमा संकलन गरिएको कर राजस्व विगत वर्षमा असुली भएको कर राजस्वभन्दा १९ प्रतिशतले बृद्धि कायम राख्दै लक्ष्यको १०२ प्रतिशत प्रगति हासिल भएको छ। कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिबृद्धि कर, आयकर र अन्तःशुल्कको योगदान क्रमशः ५.२, ४.० र २.४ प्रतिशत रहेको छ। राजस्व परिचालनमा नीतिगत योगदान करिब ११.६ प्रतिशत पुगेको छ भने कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४० प्रतिशत रहेको छ। यस अवधिसम्ममा ११,१७,४९९ करदाताहरू करको दायरामा समाहित भएका छन् जुन कुल जनसंख्याको करिब ४ प्रतिशत हुन आउँछ। यसभित्र मूल्य अभिबृद्धि करतर्फ १,३४,०९१ र अन्तःशुल्कतर्फ ३४९६७ दर्ता रहेका छन्। करिब ९८ प्रतिशत करदाताहरू **On-line** दर्ता भइरहेका छन् भने करिब ९७ प्रतिशत करदाताहरूले **e-filing** गरिरहेका छन्।

वित्तीय स्थायित्व एवम् आर्थिक बृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगोरुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, छरितो कार्यविधि एवम् विद्युतीय शासन पद्धतिमार्फत् सहभागिता लागत र संकलन लागत न्युन गर्ने उद्देश्यले पञ्च वर्षीय रणनीति, त्रिवर्षीय सुधार कार्ययोजना, वार्षिक नीति तथा कार्यक्रम तथा आन्तरिक राजस्व विभागले विभिन्न समयमा घोषणा गरेका प्रतिबद्धता एवम् नीतिहरूलाई आत्मसात् गर्दै २०७१ साल कार्तिक ३ र ४ गते ललितपुर जिल्लाको गोदावरीमा सम्पन्न भएको व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्षमा देहाय बमोजिम सुधारका कार्य सम्पादन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त गर्दछौं :

१. चालु आर्थिक वर्ष २०७१/०७२ को लागि निर्धारण गरिएको आयकर रु ९४.०१ अर्ब, आन्तरिकतर्फको मूल्य अभिबृद्धि कर रु ४१.१५ अर्ब, आन्तरिकतर्फको अन्तःशुल्क रु ३२.३८ अर्ब, स्वास्थ्य सेवा कर रु ५१ करोड र शिक्षा सेवा शुल्क रु ५० करोड गरी कुल रु १६८.५६ अर्ब कर राजस्व संकलन गरिनेछ।

२. आयकरको बृद्धिदरलाई कम्तिमा २२ प्रतिशत कायम राख्ने उद्देश्यले विभिन्न सरकारी, सार्वजनिक एवम् निजीक्षेत्रका निकाय र व्यक्तिहरूले भुक्तानी दिंदा स्रोतमा कर कट्टी गरे नगरेको र स्रोतमा कर कट्टी गरी सोको विवरण तथा कर दाखिला गरे नगरेको अनुगमन एवम् कर परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिई कुल आयकरमध्ये स्रोतमा संकलन गरिने करको योगदान कम्तिमा २५ प्रतिशत पुऱ्याईनेछ।

३. बिगत वर्षदेखि बढ्दै गई रहेको कर बक्यौता अंक र करदाता संख्यालाई न्युनीकरण गर्ने उद्देश्यले मूल्य अभिबृद्धि कर, आयकर एवम् अन्तःशुल्क लगायत अन्य करहरूको अभिलेख अद्यावधिक गर्नुका साथै करिब ५ अर्ब २७ करोड बक्यौता असुली गरिनेछ।

४. विगत वर्षदेखि बेरुजु फर्छ्यौट रकमभन्दा बेरुजु थप हुने अंक बढी भई रहेको हुँदा आन्तरिक राजस्व विभागको बेरुजु अंक क्रमशः बृद्धि भई रहेको छ। वित्तीय अनुशासन कायम गर्दै यथार्थपरक एवम् कानूनसम्मत् करारोपण गर्नुका साथै विगतमा कायम भएका बेरुजुमध्ये कम्तिमा २ अर्ब २८ करोड बेरुजु सम्परीक्षण गरिनेछ।

५. मूल्य अभिबृद्धि करमा दर्ता रहेका करदाताहरूको दर्ता एवम् दर्ता खारेजी सम्बन्धी कार्यविधिमा सुधार एवम् करदाता शिक्षा एवम् संचारलाई प्रभावकारी बनाई **Non-filer** हरूको राष्ट्रिय औसतलाई ३१ प्रतिशतबाट घटाई १५ प्रतिशतमा कायम राखिनेछ।

६. मूल्य अभिबृद्धि कर विवरण पेश गर्ने करदाताहरूमध्ये शुन्य विवरण तथा क्रेडिट विवरण पेश गर्ने करदाताहरूको संख्या बढ्दै गई रहेको छ। साथै सरकारलाई तिर्नु पर्ने कर दायित्व (डेबिट रकम) भन्दा सरकारबाट फिर्ता दावी गरिने रकम (क्रेडिट रकम) बढ्दै गई रहेको सन्दर्भमा प्रभावकारी बजार अनुगमन तथा मौज्दात परीक्षण कार्यलाई प्राथमिकता दिई क्रेडिट विवरणको संख्या ३५ प्रतिशत पुऱ्याउने, क्रेडिट र डेबिटको हालको अनुपात ८ : १ बाट ५ : १ मा झारिनेछ।

७. शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर प्रयोजनको लागि दर्ता रहेका करदाताहरूले पेश गर्ने चौमासिक विवरणलाई यस आर्थिक वर्षभित्र कम्प्युटर प्रणालीमा आवद्ध गरिनेछ।

८. करदाताको सहभागिता लागत तथा समय घटाउन र कर प्रशासनको कार्यबोझ न्युनीकरण गर्ने उद्देश्यले आयकर विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदनलाई **online** पेश गर्न सकिने र सोको **Verification** गर्ने कार्यलाई स्वचालित बनाइनेछ।

९. करदाताले कर चुक्ता मांग गरेको अवस्थामा सो निवेदनको विवरण कम्प्युटरमा प्रविष्टि गर्ने र आय विवरण तथा कर बक्यौता आदिको विषयमा कार्यालयको अभिलेख छानबिन गरी कर चुक्ता प्रमाणपत्र प्रदान गर्नु पर्ने अवस्थामा कम्प्युटर प्रणालीबाट निश्चित ढांचाको कर चुक्ता प्रमाणपत्र प्रिन्ट हुने व्यवस्था गरिनेछ।

१०. आन्तरिक राजस्व विभागको वेभसाइटलाई पुनर्निमाण र परिमार्जन गरी अझ सूचनामूलक र करदातामैत्री बनाइनेछ।

११. विभागको **Frequently Asked Question (FAQ)** पद्दतिलाई परिमार्जित एवम् परिष्कृत बनाइनेछ।

१२. कम्प्युटर प्रणालीमा सिर्जना हुन सक्ने जोखिमहरूको न्युनीकरण गर्ने र कर सम्बन्धी सूचनाहरूको संरक्षण गर्ने उद्देश्यले **Disaster Recovery Center (DRC)** आगामी पौष मसान्तभित्र निर्माण गरी कार्यान्वयन गरिनेछ।

१३. आन्तरिक राजस्व विभागले प्रशासन गर्ने मूल्य अभिबृद्धि कर, आयकर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर तथा शिक्षा सेवा शुल्कको कार्यान्वयन गर्ने सन्दर्भमा विकास गरिएको एकीकृत कर प्रणाली **(Integrated Tax System)** को अझ प्रभावकारी कार्यान्वयन गर्नको लागि सूचना, संचार र प्रविधि सम्बन्धी कार्यसंचालन निर्देशिका **(Information, Communication and Technology Standard Operating Procedure)** निर्माण गरी आगामी पौष मसान्तभित्र जारी गरिनेछ।

१४. कर प्रशासनको कार्यान्वयन क्षमता अभिबृद्धि गर्न र करदाताको स्वेच्छिक कर सहभागिता अभिबृद्धि गर्ने उद्देश्यले विद्यमान ऐन कानूनहरूको परिमार्जन कार्यलाई प्राथमिकता दिई मूल्य अभिबृद्धि कर तथा आयकर निर्देशिकाहरू परिमार्जन गरी २०७१ फागुन मसान्तभित्र जारी गरिनेछ। साथै दीर्घकालीन करार तथा मूल्य हस्तान्तरण र कम्प्युटर बिलिङको मापदण्ड तोक्ने विषयका निर्देशिकाहरू जारी गरिनेछ।

१५. उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरी कर प्रणालीको पुनरावलोकन गर्ने कार्यलाई उच्च प्राथमिकता दिई कर प्रणाली सुधार, कराधार विस्तार, स्वेच्छिक सहभागिता अभिबृद्धि र सहभागिता लागत न्युनीकरण गर्ने कार्यतर्फ कर प्रशासन प्रतिबद्ध रहनेछ।

१६. राजस्व परिचालनका संभाव्यता, राजस्व जोखिम, करदाता सेवा प्रवाह, कर कानूनको कार्यान्वयन एवम् भौगोलिक एवम् आर्थिक कारोवारको विश्लेषण गरी आन्तरिक राजस्व विभाग र यस मातहतका कार्यालयहरूको संगठनात्मक पुनर्संरचना, पुनर्गठन एवम् हेरफेर गर्ने सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

१७. कर प्रयोजनको लागि करदाता दर्ता गर्ने सम्बन्धमा हाल कार्यान्वयन गरिदै आएको निवेदनको ढांचा **(Registration Application Form)** र प्रयोगमा ल्याएको **Standard International Trade Code - SITC)** को परिमार्जन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ।


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**ले-आउट**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
गणेशप्रसाद पाण्डेय
डिल्लीराम शर्मा
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
गोपाल घिमिरे
महाराज कोइराला
भूपालराज शाक्य
चुडामणि ढुंगाना
सम्झना बराल
युक्तप्रसाद सुवेदी
प्रकाश शर्मा